

त्रैमासिक प्रगति प्रतिवेदन

साउन-असोज, २०८३

राष्ट्रिय प्रकृति संरक्षण कोष
बर्दिया संरक्षण कार्यक्रम

परिचय

बर्दिया राष्ट्रिय निकुञ्ज र बाँके राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा मानव-वन्यजन्तु द्वन्द्वका घटनाहरु बढिरहेको छ । बढ्दो मानव-वन्यजन्तु द्वन्द्वले विशेष गरी गरिब र सीमान्तकृत समुदायलाई असर गर्ने र संरक्षणमा आमजनसमुदायको सहभागिता घट्नसक्ने अवस्थालाई मध्यनजर गर्दै राष्ट्रिय प्रकृति संरक्षण कोषको बर्दिया संरक्षण कार्यक्रमले यस अवधिमा मानव-वन्यजन्तु सहअस्तित्व विकासका कार्यक्रमहरु लाई प्राथमिकतामा राखेको छ । यस संरक्षण कार्यक्रमले सम्बन्धित संरक्षित क्षेत्र तथा संरक्षणका साझेदार संस्थाहरु सँगको सहकार्यमा विद्युतीय तारबार, वन्यजन्तुले मन नपराउने वैकल्पिक आयमूलक बाली, सुधारिएको खोरलगायतका विविध कार्यक्रमहरुका माध्यमबाट मानव-वन्यजन्तु सहअस्तित्व विकासमा टेवा पुऱ्याउँदै आएको छ । त्यस्तै, समस्याग्रस्त तथा बिरामी वन्यजन्तुहरुको तत्काल उद्धार र व्यवस्थापनले पनि वन्यजन्तु संरक्षणमा ठूलो योगदान पुऱ्याएको छ ।





मानव वन्यजन्तु द्वन्द्व न्युनिकरण

मेष जाली तथा विद्युतीय तारबार जडान

यस कार्यक्रम अन्तर्गत बर्दिया राष्ट्रिय निकुञ्जको भादा उपभोक्ता समितिमा ३५० मिटर तथा ठाकुरबाबा मध्यवर्ती क्षेत्रको बेतहनी सामुदायिक वन समूहलाई १५० मिटर मेष जाली कार्यक्रमको सम्झौता भई कार्यक्रम सञ्चालन भइरहेको छ ।



विद्युतीय तारबार कार्यक्रम अन्तर्गत मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणको प्रभावकारी विकल्पस्वरुप प्रचलित विद्युतीय तारबार डिजाइनमा व्याप्त सानातिना कमजोरीका कारण तारबारको प्रभावकारितामा अपेक्षाकृत कमजोरीहरु देखिएका छन् । यसको नियमित सुधारकार्यका लागि गेरुवा उपभोक्ता समिति अर्न्तगत गेरुवा गा.पा. ४ नम्बर वडामा जम्मा ५ कि. मि. तारवार मर्मत कार्य सम्पन्न भएको थियो । साथै शिवपुर एकीकृत उपभोक्ता समिति अर्न्तगत ठाकुरबाबा न.पा. ६ नम्बर वडामा लगभग १ कि.मि. विद्युतीय तारबार मर्मत कार्य सम्पन्न भएको थियो । यस्ता खाले तारबारबाट हुने पशुधन, कृषि बाली तथा मानविय क्षति न्यूनीकरण गर्न प्रत्यक्ष मद्दत पुग्ने अपेक्षा गरिएको छ ।

स्वचालित सौर्य बत्ती मर्मत तथा टर्च लाइट वितरण

ठाकुरबाबा ९ बेतहनी देखि हात्तीसारसम्म स्वचालित सौर्य बत्ती मर्मत कार्य सम्पन्न भएको थियो । साथै, मानव-वन्यजन्तु न्यूनीकरणको लागि तपसिल बमोजिमको सङख्यामा समुदायको मागअनुरुप टर्च लाईट वितरण गरिएको थियो ।

क्र. स.	निकुञ्ज	उपभोक्ता समिति	टर्च सङख्या
१	बर्दिया राष्ट्रिय निकुञ्ज	भादा	७
२	बर्दिया राष्ट्रिय निकुञ्ज	करेलिया	७
३	बर्दिया राष्ट्रिय निकुञ्ज	बबई	७
४	बर्दिया राष्ट्रिय निकुञ्ज	श्रीरामनगर	७
५	बर्दिया राष्ट्रिय निकुञ्ज	शिवपुर एकीकृत	२२
६	बर्दिया राष्ट्रिय निकुञ्ज	ठाकुरबाबा	७
७	बर्दिया राष्ट्रिय निकुञ्ज	सूर्यपटुवा	७
८	बर्दिया राष्ट्रिय निकुञ्ज	असारेगौढी	५
९	बर्दिया राष्ट्रिय निकुञ्ज	गेरुवा	७
१०	बर्दिया राष्ट्रिय निकुञ्ज	पाताभार	७
	जम्मा		८३





सुधारिएको खोर निर्माण



संरक्षित क्षेत्रको वरपर रहेका बस्तीहरुमा वन्यजन्तुहरुबाट हुने क्षति न्यूनीकरणका लागि सुधारिएका खोरले महत्वपूर्ण भूमिका निर्वाह गरेको पाइएको छ । फलस्वरुप निकुञ्ज छेउछाउका बस्तीहरुमा पछिल्लो ३ महिनामा विभिन्न मध्यवर्ती क्षेत्रमा रहेका कुल ५० घरधुरीहरुलाई, सुधारिएको बाख्राको खोर निर्माण कार्यका लागि सहयोग गरिएको छ ।

क्र.स.	मध्यवर्ती क्षेत्र	घरधुरी सङख्या
१	असारेगौढी	२०
२	बबई	२०
३	भादा	१०
	जम्मा	**५०**


वन्यजन्तु उद्धार

गेरुवा गाउपालिका वडा न. ४ को ढिकुनिया र दाङपुर क्षेत्रबाट २ वटा वयस्क भाले बाघ उद्धार गरिएको थियो ।





यस ३ महिनाको अवधिमा बर्दिया रा.नि. र कृष्णसार संरक्षण क्षेत्रबाट ३ वटा समस्याग्रस्त चितुवा र २ वटा वाघको उद्धार गरिएको थियो । यस सँगै बाँके रा. नि.को उद्धार केन्द्रमा रहेको बिरामी चितुवाको पनि डार्ट गरी उपचार गरिएको थियो । राजापुर नगरपालिका-३ बाट पनि एक वटा समस्याग्रस्त चितुवा उद्धार गरिएको थियो ।





जनचेतना तथा तालिम

वन्यजन्तु उद्धार, व्यवस्थापन तथा अनुगमन तालिम

राष्ट्रिय प्रकृति संरक्षण कोष-बर्दिया संरक्षण कार्यक्रमले तराई भूपरिधि क्षेत्रमा भएका संरक्षित क्षेत्रहरु जस्तै- बाँके राष्ट्रिय निकुञ्ज, बर्दिया राष्ट्रिय निकुञ्ज, शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज, पर्सा राष्ट्रिय निकुञ्ज, चितवन राष्ट्रिय निकुञ्ज र कोशी टप्पु आरक्ष तथा डिभिजन वन कार्यालय बाँके, बर्दिया, सुर्खेत, कैलाली र पहलमानपुरका गरी जम्मा ११ वटा कार्यालयका ४७ जना कर्मचारीहरुलाई समस्याग्रस्त वन्यजन्तु उद्धारसम्बन्धी २ चरणको व्यावहारिक तालिम दिईएको थियो । उक्त कार्यक्रममा विभिन्न वन्यजन्तुहरुको पहिचान, उद्धार विधि, स्थानान्तरण, उद्धारपछिको ब्यवस्थापन तथा डार्टिङ विधिबाट उद्धारसम्बन्धी व्यावहारिक ज्ञान सहभागीहरुले प्राप्त गरेका थिए ।









समग्रमा कार्यक्रमको विषय वस्तु लुम्बिनी र कर्णाली प्रदेशमा वन्यजन्तुसँग सम्बन्धित समस्याहरु खास गरी गैरकानुनी रुपमा हुने वन्यजन्तुको अवैध चोरी सिकार नियन्त्रण, वन्यजन्तुका कारण हुने मानव वन्यजन्तु द्वन्द्व, वन वन्यजन्तु संरक्षणमा सबैको सहभागिता, संरक्षण सचेतना, बासस्थान व्यवस्थापन तथा दिगो संरक्षण कसरी हुन सक्छ र कसको के भूमिका भएको खण्डमा संरक्षण कार्य अझ प्रभावकारिताका साथ गर्न, राज्यको चौथो अगंको रुपमा रहेका सञ्चार माध्यमको कस्तो योगदान हुन सक्छ भन्ने नै थियो ।

संरक्षणमा सञ्चारकर्मीसँग सहकार्य

राष्ट्रिय प्रकृति संरक्षण कोष-बर्दिया संरक्षण कार्यक्रमको आयोजनामा लुम्बिनी प्रदेश तथा कर्णाली प्रदेशका सञ्चारकर्मीहरुलाई वन्यजन्तु उद्धारमा सञ्चारकर्मीको संलग्नता विषयक सचेतना कार्यक्रमहरु, बर्दिया र सुर्खेतमा गरी दुई दिन सञ्चालन गरिएको थियो ।

उक्त कार्यक्रमहरुमा लुम्बिनी तथा कर्णाली प्रदेशमा वन्यजन्तुको बासस्थान संरक्षण तथा व्यवस्थापन, वन्यजन्तु अपराध, समुदायले वन्यजन्तुमाथि गरेको व्यवहार, वन्यजन्तु संरक्षणमा समुदायको सहभागिता, संरक्षण सचेतना आदि विषयमा छलफल भएको थियो । यी दुवै कार्यक्रमहरुमा सञ्चार माध्यमका प्रकृति संरक्षणको समाचार सम्प्रेषण गर्ने ८० जना सञ्चारकर्मीहरु सहभागी भएका थिए । वन्यजन्तुबाट हुने सकारात्मक र नकारात्मक विषयलाई समय सापेक्ष रुपमा बुझेर यसको महत्व र यसबाट हुने दीर्घकालीन फाइदालाई केन्द्रमा राखेर सञ्चार माध्यमलाई सूचित गर्ने र आगामी दिनमा अझ बढी जिम्मेवारबोध भएर मानव-वन्यजन्तु द्वन्द्वलगायतको विषयलाई सञ्चार माध्यमले महत्वका साथ निर्वाह गर्ने र आइपर्ने चुनौतीलाई समाधान गर्ने भन्ने रहेको थियो ।

समुदायमा आधारित चोरीसिकार नियन्त्रण ईकाइ (CBAPU) परिचालन

बर्दिया राष्ट्रिय निकुञ्ज सूर्यपटुवा मध्यवर्ती उपभोक्ता समितिअर्न्तगत सूर्यपटुवा उपसमितिमा आवद्ध ४ जना समुदायमा आधारित चोरीसिकार नियन्त्रण इकाईका (CBAPU) युवा सदस्यहरुलाई जीविकोपार्जन कार्य गर्न आर्थिक सहयोग गरिएको छ ।

क्र. सं	नाम	ठेगाना	विवरण	सहयोग रकम रु.
१	टिकालाल थारु	मधुवन-१, कैलासी	विद्युत पसल	२५,०००।-
२	कृषा थारु	मधुवन-१, पथ्थरबोजी	किराना पसल	२५,०००।-
३	आरश नाथ चौधरी	मधुवन-१, डल्ला	वङगुर पालन	२५,०००।-
४	अनिशा कुमारी चौधरी	मधुवन-२, सोनाहा	बाखा पालन	२५,०००।-

वन गस्ती





बर्दिया संरक्षण कार्यक्रमको चोरीसिकार नियन्त्रण युवा परिचालन अभियानमा आवद्ध युवाहरुले निकुञ्ज प्रशासनसँगको समन्वयमा मध्यवर्तीवन क्षेत्रमा आवश्यकताअनुरुप नियमित गस्ती कार्य सञ्चालन गरेका थियो ।

यस कार्यका लागि राष्ट्रिय प्रकृति संरक्षण कोष-बर्दिया संरक्षण कार्यक्रमबाट गस्ती गर्न गएको बखतको खाजा खर्च बिल भरपाईको आधारमा समुदायमा आधारित चोरीसिकार नियन्त्रण युवा परिचालन इकाईलाई सहयोग गर्ने गरेको छ ।

समुदायमा आधारित चोरीसिकार नियन्त्रण युवा परिचालन इकाई, बर्दियाका सदस्यले जलमार्ग भई कर्णाली र बबई नदी तटीय क्षेत्रमा वन्यजन्तुको गस्ती अनुगमन कार्य गएको ३ महिनामा सञ्चालन गरेको थियो ।



डल्फिन संरक्षण कार्यक्रम

राष्ट्रिय प्रकृति संरक्षण कोष बर्दिया संरक्षण कार्यक्रमले लोपोन्मुख डल्फिन संरक्षणको लागि कैलालीको टिकापुर ७, भजनी ३ र ८ मा रहेका मोहना, पथ्थरीया, काँडा तथा कर्णाली नदीहरुमा डल्फिन संरक्षणको लागि स्थानीय स्थरमा गठित "समुदाय डल्फिन संरक्षण समिति" (CDCC) लाई सहयोग गरी संरक्षण गतिविधि गरीरहेको छ । यसै सन्दर्भमा यस आर्थिक वर्षको पहिलो ३ महिनामा CDCC (डल्फिन संरक्षण समिति), DABC, Nepal र स्थानिय संरक्षणकर्मीहरुको सहयोगमा डल्फिन गणना कार्य सम्पन्न भएको छ । यसका लागि सहभागीहरुलाई तालिम गराई गणना कार्य सम्पन्न गरिएको छ । डल्फिन तथा यिनीहरुको आहारा प्रजाति- माछाको सर्वेक्षण कार्य समेत यस अवधीमा सम्पन्न गरिएको छ । यस बाहेक CDCC सदस्यहरु संग नियमित बैठकहरु समेत हुदै आएका छन् ।

डल्फिन गणना तथा आहारा सर्वेक्षण सम्बन्धी तालिम

CDCC सदस्य तथा अन्य संरक्षणकर्मीहरुलाई डल्फिन गणना तथा माछा सर्वेक्षण सम्बन्धी १ दिने तालिम सञ्चालन गरिएको थियो । उक्त कार्यक्रममा डल्फिन पहिचान, GPS सञ्चालन र तथ्याङक सङकलन बारे व्यावहारिक तालिम दिइएको थियो । उक्त तालिममा ५३ जना सहभागीहरुको उपस्थिति रहेको थियो ।



५३ वटा डल्फिन र २३ प्रजातिका माछाहरु

असोज महिनाको पहिलो सातामा मोहना, पथ्थरिया, कान्द्रा र कर्णाली नदीको केही भागमा गरिएको डल्फिन गणना तथा माछा सर्वेक्षणमा कुल ५३ वटा डल्फिन (३० वयस्क र २३ बच्चा) तथा २३ प्रजातिका माछाहरु रहेको पाइएका छन् ।





नर्सरी व्यवस्थापन

राष्ट्रिय प्रकृति संरक्षण कोष-बर्दिया संरक्षण कार्यक्रमले नियमित वर्षहरु जस्तै यस गएको आर्थिक वर्ष २०८२।०८३ मा ५,९३७ वटा विभिन्न जातका विरुवाहरु आफै उत्पादन गरेको थियो भने समुदायको आवश्यकतालाई मध्यनजर गर्दै विभिन्न जातका ५८० फलफूलको विरुवाहरु खरिद गरिएको थियो । सो उत्पादित तथा खरिद गरिएका जम्मा ६,५१७ विरुवाहरु श्रावण देखि असोज १३ गते सम्म सामुदायिक वन र समुदायका व्यक्तीलाई नि:शुल्क वितरण गरिएको थियो ।



क.स	बिरुवाको नाम	सङख्या
१	अमला	२१
२	अम्बा	२११
३	आँप	१८
४	कर्मा	२३३
५	कागती	६
६	कपुर	२१
७	कटहर	२२४
८	बटहर	२,०५३
९	खनियो	२१७
१०	गुलाब जामुन	४०७
११	गोल्डमोहर	२२
१२	गुल्लर	२२४
१३	निमारो	९
१४	पैयुँ	४
१५	फरेत जामुन	४१८
१६	गजेहर	२
१७	बेत	७
१८	बकाइनो	१,२५२
१९	बेल	१०१
२०	मेण्डोला	१३५
२१	मयुर पंखी	१६१
२२	मेवा	६२
२३	लोङ्गना	३७
२४	शीतल चिनी	६१
२५	इपिलइपिल	२५
२६	भिमल	३
२७	गायो	२
२८	सिमल	२
	जम्मा	५,९३७

क.स.	बिरुवाको नाम (फलफूल)	सङख्या
१	आम्र पाली जातको आँप	१००
२	दसरी आँप	१००
३	लिची	१००
४	सुन कागती	१००
५	ताइवनी अम्बा	१००
६	बहुवर्षीय वडहर	६०
७	किम्बु	२०
	जम्मा	५८०





रारा संरक्षण कार्यक्रम

रारा राष्ट्रिय निकुञ्जमा जैविक विविधताको दिगो संरक्षण तथा पर्यापर्यटन विकासका लागि सरोकारवालाहरु बीच नियमित रुपमा गरिने समन्वय बैठक सम्पन्न भएको छ । उक्त बैठकमा मध्यवर्ती क्षेत्रका समस्याहरु तथा तिनका समाधानहरु र रारा क्षेत्रको पर्यापर्यटनहरुका बारेमा छलफल गरिएको थियो ।





बाँकेका सामुदायिक वनमा सञ्चालित कार्यक्रमहरु

यस अवधिमा डिभिजन वन कार्यालय, बाँके अन्तर्गतका ३ वटा सामुदायिक वन समुहलाई लक्षित गरी कार्यक्रमहरु संचालन गरिएको छ । जस अन्तर्गत हाल सम्म अशोक सामुदायिक वन समुह, हरियाली सामुदायिक बन समूह र राप्ती पीडित तथा गुलरी सामुदायिक बन समुहमा केही कार्यक्रम सुचारु गरिएका छन । सम्बन्धित वन समुहमा प्राकृतिक स्रोत सँगसगै कृषि बन प्रवर्द्धन गर्दै समुदायको आयआर्जनमा सहयोग पुऱ्याउने उद्देश्य सहित ३ वटै वन समूहको सम्भाव्यता अध्ययन (Feasibility study) गरीएको छ । सम्भावना भएको क्षेत्र पत्ता लगाई समुदायलाई प्रत्यक्ष लाभ हुन सक्ने विषय सँग जोडन र स-साना लघुवित्त सञ्चालनका लागि प्रोत्साहन गर्न विपन्न, पछाडि परेका तथा वन्यजन्तु प्रभावित क्षेत्रका समुदायलाई जोडने उद्देश्यले १ दिनको सामुदायिक भेला कार्यक्रम सञ्चालन गरिएको छ ।

वनपथ मर्मत

यस वर्षको पहिलो त्रैमासिक अवधिमा बर्दिया राष्ट्रिय निकुञ्जको आम्बासादेखि बबई भ्यालीसम्मको क्षेत्रमा जम्मा ३५ कि.मि. वनपथ निर्माण मर्मत कार्य सम्पन्न भएको छ । राष्ट्रिय निकुञ्ज भित्र यस प्रकारका बाटो मर्मत तथा बाटो स्तरोन्नतिले ठूलो रुपमा गस्ती कार्य तथा पर्यापर्यटन गर्न सहयोग पुग्ने आशा गरिएको छ ।





घाँसे मैदान व्यवस्थापन

निकुञ्जको लम्कौलीफाँटा घाँसे मैदानहरुमा गैँडा, हात्ती, चित्तल प्रजातिहरुका लागि ५४.७६ हेक्टर चरण क्षेत्रको व्यवस्थापनका लागि घाँसे मैदान व्यवस्थापन कार्य सम्पन्न भएको थियो । यस कार्यले शाकाहारी वन्यजन्तुहरुको आहारा सुनिश्चिता हुनुका साथै मानव-वन्यजन्तु द्वन्द्व पनि न्यूनिकरण हुनेछ ।

अध्ययन तथा अनुसन्धान सहयोग

क्र. स.	अनुसन्धानकर्ताको नाम	विश्वविधालय	तह	विषय
१	विनिता ग्रमजामगर	वन विज्ञान अध्ययन संस्थान, हेटौँडा	स्नातक	मानव वन्यजन्तु द्वन्द्व
२	वितृस्ना लम्साल, सतिस दाहाल	काठमाडौँ विश्वविधालय	स्नातकोत्तर	बाघ र चितुवाको आहारा सम्बन्धी
३	Matteo Sciumbata	Vrije Universiteit Amsterdam	Ph.D.	Grasslands, hydrology, herbivory and fire in Nepal